## निर्णयहरू

१) संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ दफा २४ उपदफा १ को (ङ) बमोजिम नियुक्त हुनुभएका सदस्यज्यूहरूलाई बैठकमा स्वागत गर्ने निर्णय गरियो।

२) प्रदेश समन्वय परिषद्को अघिल्लो बैठकका निर्णयहरूको कार्यान्वयन स्थितिबारे समीक्षा गरियो। कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरू कार्यान्वयनका लागि सचिवालय मार्फत पहल गर्ने निर्णय गरियो।

३) संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ ले व्यवस्था गरेका विषयमा छलफल गरियो।

४) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम तर्जुमा भएको मौजुदा गण्डकी प्रदेश समन्वय परिषदको बैठक (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ लाई संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ बमोजिम संशोधनका लागि सचिवालयले प्रस्ताव तयार गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो।

५) प्रदेश र दुई वा दुई भन्दा बढी स्थानीय तहको साझेदारीमा प्रदेश एवं स्थानीय गौरवका आयोजना/कार्यक्रमको पहिचान र कार्यान्वयन सम्बन्धमा प्रदेश सरकारलाई सिफारिस गर्न देहाय अनुसारको समिति गठन गर्ने:

- उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग -संयोजक
- सम्बन्धित पालिकाका प्रमुख/अध्यक्ष -सदस्य
- सचिव, अर्थ मन्त्रालय -सदस्य
- सचिव, सम्बन्धित विषयगत क्षेत्र हेर्ने मन्त्रालय -सदस्य
- सचिव, प्रदेश नीति तथा योजना आयोग -सदस्य सचिव

६) संघ, प्रदेश र स्थानीय तहको संयुक्त लगानीमा संचालन हुने रुपान्तरणकारी/गौरवका आयोजना/कार्यक्रमको बजेट साझेदारीको विषयमा तहगत बजेट योगदानको विषयमा कानून बनाएर लागु गर्न नेपाल सरकारलाई अनुरोध गर्ने।

७) गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले निर्धारण गरेका क्षेत्रगत लक्ष्यहरुसंग तादम्यता हुने र दोहोरोपन नहुने गरी योजना तथा कार्यक्रम सञ्चालन गर्न समन्वय एवं सहजीकरणलाई थप प्रभावकारी बनाउने।

८) यस अघिका बैठकका निर्णय अनुसार स्थानीय तहले प्रदेश सरकारको सञ्चित कोषमा दाखिला गर्नु पर्ने राजश्व रकम दाखिला गर्न अनुरोध गर्ने।

उपयोगमा बाधा सिर्जना भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) मा "स्थानीय सञ्चित कोषमा दाखिला गरिने छ" भन्ने वाक्यांशलाई विभाज्य कोषमा दाखिला गर्ने व्यवस्था सहित संशोधनको लागि नेपाल सरकारसँग अनुरोध गर्ने।

८. नेपालको संविधानले प्रदेश र स्थानीय तहलाई प्रदान गरेको शिक्षा सम्बन्धी अधिकारलाई प्रभावकारी तरिकाले उपयोग गर्न संविधानमा भएका तीन तहका सरकारका साझा अधिकारको स्पष्टता सहित शिक्षा ऐन जारी गर्ने व्यवस्था गर्न नेपाल सरकारसँग अनुरोध गर्ने।

९. प्रदेश र स्थानीय तहको आफ्नै जग्गा नहुँदा सेवा प्रवाह, स्थानीय विकास निर्माण लगायतका विषयमा बाधा उत्पन्न भएकोले नेपाल सरकारको स्वामित्वमा रहेको सम्बन्धित स्थानीय तह वा प्रदेश भित्रको जग्गाको भोगचलन, उपयोग र स्वामित्व कानून बनाई सम्बन्धित तहलाई नै हस्तान्तरण गर्ने व्यवस्था गर्न नेपाल सरकारसँग अनुरोध गर्ने।

१०. वन ऐन, २०७६ र वन नियमावली, २०७९ मा रहेका प्रकृयागत जटिलताका कारणले वनजन्य पदार्थ र वनक्षेत्रको उपयोगमा कठिनाई उत्पन्न भएको साथै विकास निर्माणका काममा समेत ढिलाई हुन गएको सम्बन्धमा प्रकृया सरलीकरणको लागि सम्बन्धित कानूनहरुको आवश्यक संशोधन गर्न नेपाल सरकारसँग अनुरोध गर्ने।

मुख्यमन्त्री